नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११८४४
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

## प्रेस विज्ञप्ति

मितिः २०८३ भदौ १ गते

### मन्त्रालयको पछिल्लो १५ दिनका प्रमुख उपलब्धि तथा निर्णयहरू बारे।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको पछिल्लो १५ दिन (श्रावण १६ गतेदेखि श्रावण मसान्तसम्म) को अवधिमा सम्पादन भएका प्रमुख प्रमुख नीतिगत, प्राविधिक, प्रशासनिक तथा द्विपक्षीय विकास सम्बन्धी उपलब्धिहरू आम सञ्चारमाध्यम र सर्वसाधारणको जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छः

१. विगत केही वर्षदेखि हुन नसकेको नेपाल-भारत डुबान तथा बाढी व्यवस्थापन सम्बन्धी संयुक्त समिति (Joint Committee on Inundation and Flood Management - JCIFM) को १५ औं बैठक मिति २०८३ श्रावण १७ देखि २२ गतेसम्म नेपालमा सफलतापूर्वक सम्पन्न भएको छ। बैठकमा संयुक्त प्राविधिक टोलीले तराई क्षेत्रका जोखिमपूर्ण नदी तथा स्थानहरूको स्थलगत निरीक्षण गर्नुका साथै भारत सरकारको सहकार्यमा कमला, बागमती र लालबकैया नदीमा भइरहेका व्यवस्थापन कार्यहरूको समीक्षा गरेको छ। साथै खाँडो, बाणगंगा र पश्चिम राप्ती नदीको तटबन्ध निर्माण कार्यको अवस्था तथा सहकार्यका क्षेत्रहरूमा महत्वपूर्ण छलफल भएको छ।

२. मन्त्रालयको आगामी आ.व. २०८४/८५ र २०८५/८६ को बजेट सीमा पुनरावलोकन मन्त्रिपरिषद्बाट स्वीकृत भए बमोजिम परिमार्जित सीमा अनुसार मध्यमकालीन खर्च संरचना (MTEF) स्वीकृत गरी राष्ट्रिय योजना आयोगको डिजिटल पोर्टलमा प्रविष्टिका लागि पठाइएको छ।

३. नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयकको मस्यौदा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सहमतिको अन्तिम चरणमा पुगेको छ। साथै, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अन्तर्गत आ.व. २०८३/८४ मा संचालित कार्यक्रमहरूको वार्षिक कार्यान्वयन कार्ययोजना तयार हुनुका साथै वार्षिक खरिद योजना स्वीकृत भएको छ।

४. हरित जलवायु कोष (GCF) मा ४८.०८ मिलियन अमेरिकी डलर लागतको फोहोरबाट ऊर्जा उत्पादन गरी जलवायु परिवर्तन न्यूनीकरण गर्ने आयोजना प्रस्ताव अर्थ मन्त्रालयको सहमति लिई पेश गरिएको छ। साथै, नेपालको Energy Transition सम्बन्धी ९९५,७७६ अमेरिकी डलर बराबरको Readiness Support प्रस्तावका लागि अर्थ मन्त्रालयको सहमति प्राप्त भई GCF मा पेश गरिएको छ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११८४४
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

५. जलवायु परिवर्तनबाट जलस्रोत क्षेत्रमा उत्पन्न चुनौतीहरूलाई सम्बोधन गर्ने उदेश्यकासाथ काठमाडौंमा साउन २८ र २९ गते "Nature-based Solutions for Climate-Resilient Water Resources Management" विषयक दुईदिने कार्यशाला सफलतापूर्वक सम्पन्न भएको छ। उक्त कार्यशालामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञ, नीति निर्माता, अनुसन्धानकर्ता तथा सरोकारवालाहरूले जलाधार, वन, सिमसार, नदी तथा भू-जल संरक्षणमार्फत बाढी, पहिरो तथा अन्य जलवायुजन्य जोखिम न्यूनीकरण र जलस्रोतको उत्थानशील व्यवस्थापनका उपायबारे गहन छलफल भएको छ।

६. मन्त्रालयको वरिष्ठ व्यवस्थापन समूह (Senior Management Team-SMT) को पहिलो बैठक बसी मन्त्रालय तथा मातहतका निकायसँग सम्बन्धित विभिन्न विषयहरूमा छलफल गरिएको छ। बैठकले मन्त्रालयको कार्यसम्पादन तथा समन्वयलाई थप प्रभावकारी बनाउन कम्तीमा महिनामा दुई पटक SMT बैठक आयोजना गर्ने निर्देशन भएको छ।

(सन्दीप कुमार देव)
सहसचिव एवं प्रवक्ता